# समूहगतरुपमा एकिकृत धान–माछा पालन

## समूहगत धान खेतमा माछा पालन भनेको के हो ?

समूहगत रुपमा कृषकहरु मिली संयुक्तरुपले धान खेतमा धान संगै गरिने माछा खेतीलाई समूहगत धान खेतमा पाछा पालन भनिन्छ। यस प्रकारको खेतीबाट एउटै क्षेत्रबाट धान र माछाको उत्पादन एकै साथ लिन सकिन्छ।



**धान खेतमा माछा पालन**

## कहाँ खेती गर्ने ?

मध्ये पहाडी तथा तराई क्षेत्रमा सिँचाईको सुविधा वा पानीको स्थायी स्रोत भएको चिम्टयाईलो माटो भएको धान खेतमा धानसंगै माछा पालन गर्न सकिन्छ।

## समुहगत धान खेतमा माछा पालन किन गर्ने ?

- समूहगत धान खेतमा माछा पालन गर्दा धेरै सामाजिक लगायतका प्राबिधिक समस्याको निराकरण हुन्छ।
- सिँचाईको सुविधा भएको धान खेतमा धान संगै माछा खेती गरी बढी भन्दा बढी फाईदा लिन सकिने कारणले गर्दा धान खेतमा माछा पालन उपयोगी रहेको छ।
- धान उत्पादन ९–१२% सम्म बृद्धि भई माछा समेत अतिरिक्त उत्पादन हुने।

## समूहगत धान खेतमा कसरी माछा पालन गर्ने ?

- सर्वप्रथम छर छिमेक इच्छुक किसानहरुको एक समूह बनाउने।
- समूहगतरुपमा जिल्लाका मत्स्य प्राविधिकलाई सम्पर्क गर्ने ।
- धान रोप्न खेत तैयार गर्दा सानो माछा भुरा स्टक गरि ठूलो साईजको माछा भुरा ५–१० ग्रामको उत्पादन गर्ने तथा ठूलो साईजको माछा भुरा स्टक गरी खाने माछाको उत्पादन वा दुबै गर्न सकिने। धान खेतको आली १ फिट ६ ईन्च अग्लो बनाई १ फिट पानी अड्ने हुनु पर्ने।
- धान खेतमा प्रबेश र निकासद्धारमा जाली राखी धान खेत भित्र जंगली माछा आउन र धान खेतबाट पालिएको माछा वाहिर जानबाट रोक्ने।
- धानको जात होचो ढिलो पाक्ने, बर्षे–२, बर्षे–४, जानकी, साबित्री, मकवानपुर–१, हिमाली, कन्चन, चैते-४, राधा-४ आदि रोप्न सकिने।
- ५–१० ग्रामको माछाभुरा ५००० गोटा प्रति हेक्टरको दरले स्टक गर्ने।
- ३-४ महिनामा २००–५०० ग्रामको माछा उत्पादन लिन सकिने।
- धान खेतमा पानीको कमी भएको बेला माछालाई आपतकालीन स्थितीबाट बच्नको लागि धान खेतको छेउ अथवा बीचमा ५० से.मी. चौडाई र ५०-७५ से. मी. गहिराईको ट्रेन्च निर्माण गर्ने।

## माछाको जात ?

माटो र धानको वोट चलाई गोड्ने काम र झारपात तथा किरा फट्याङग्राको नियन्त्रणमा सहयोग गर्दछ।

## दाना आहारा ?

- २०-२५% प्रोटिन युक्त दाना शरीरको तौलको २% को दरले खुवाउने।
- भटमास, गहुँ, पिना, धानको ढुटो आदि मिसाई दाना बनाउने

## रोग तथा रोकथाम ?

- धान खेतमा माछालाई रोग लाग्ने ठूलो समस्या नभएको।
- बिषादी, चोरी, ओत, सांप तथा चराको निगरानी राख्ने।
- सर्पले माछाभुरा खाई नोक्सान गर्ने हुंदा सर्पको खोर राख्ने।
- माछा मर्ने गरेमा वा कुनै समस्या परेमा नजिकको मत्स्य प्राबिधिकसंग सरसल्लाह गर्ने।

## धान खेतमा माछा पालनबाट पाईदा ?

- माछा पालनको लागि थप जमिनको आवश्यकता पर्दैन र धान रोपेको ठाउँबाट नै माछाको पनि उत्पादन लिन सकिन्छ।
- माछा उत्पादन नगरेको धान खेतबाट भन्दा माछा पालेको धान खेतबाट १२% ले भन्दा बढी धानको उत्पादनमा बृद्धि हुने।
- धान साथ ४००-५०० केजी/हेक्टर माछा उत्पादन लिन सकिने।
- माछाले धान खेतमा गोड्ने तथा झारपात र किरा फट्याङग्राको रोकथाम गरी श्रम खर्च घटाउने।
- माछाको दीसा तथा नखाई खेर गएको दानाले धान खेतमा मलखादको रुपमा प्रयोग भई धान उत्पादनमा बृद्धि गराउने।
- माछा पालिएको धान खेतबाट बिषादी प्रयोग बिहिन धानको उत्पादन लिन सकिने।
- धान खेतीको तुलनामा धान माछा खेतीबाट ४५ % खुद मुनाफा हुने।
- आय आर्जनको अवसर तथा आयश्रोतमा बृद्धि गरि जीवन स्तर उठाउनमा सहयोग पुग्ने।



**धान खेतबाट समातिएको माछा**

## थप जानकारीको लागि सम्पर्क:

**मत्स्य अनुसन्धान महाशाखा, गोदावरी**
टेलिफोन टेलिफोन ५१७४२६३, ५१७४१५६